कार्यपालिकाको ४९ औं बैठक//स्थानः अध्यक्षज्यूको कार्यकक्ष

मितिः २०८१ साल असोज महिनाको २० गते आइतबार

अध्यक्षताः श्रीमान् वेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः

श्रीमान् वेग प्रसाद गर्बुजा, अध्यक्ष

श्री लक्ष्मीदेवी घर्ती मगर पुन, उपाध्यक्ष

~~श्री टंक प्रसाद पुन, अध्यक्ष, वडा नं १~~

श्री मानसिंह थापा, २ का.वा. अध्यक्ष

श्री उदय कुमार बुढाथोकी, अध्यक्ष, वडा नं २

श्री मोति प्रसाद बुढा, अध्यक्ष, वडा नं ३

श्री भेजेन्द्रमान पुन, अध्यक्ष, वडा नं ४

श्री ~~मिम पुन~~, अध्यक्ष, वडा नं ५

नविन थापा पुन

श्री पथ बहादुर रोका, अध्यक्ष, वडा नं ६

श्री टक बहादुर पुन, अध्यक्ष, वडा नं ७

श्री मन कुमारी पुन, कार्यपालिका महिला सदस्य

श्री प्रतिक्षा वि.क., कार्यपालिका महिला सदस्य

श्री देवी पटेल, कार्यपालिका महिला सदस्य

श्री छरदेवी घर्ती, कार्यपालिका महिला सदस्य

श्री दल बहादुर खड्काथोकी, कार्यपालिका सदस्य

श्री अनुप गौचन, कार्यपालिका सदस्य तथा प्रवक्ता

श्री हरिश्चन्द्र ढकाल, प्रमुख प्रशासकीय अधिकृत,सदस्य सचिव

आमन्त्रित उपस्थितिः

श्री सोम बहादुर खत्री, योजना अधिकृत

श्री सागर पौडेल, लेखापाल

श्री सावित्री गर्वुजा पुन, रोजगार संयोजक

श्री सुशिला गर्बुजा, पुचवा प्राविधिक अधिकृत

वेग प्रसाद गर्बुजा

प्रस्तावहरु:

१. शिक्षक कामकाजमा खटाउने सम्बन्धमा ।
२. राजश्व परामर्श सम्बन्धमा ।
३. म्याग्दी जेसीजको रकम भुक्तानी सम्बन्धमा ।
४. प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने सम्बन्धमा।
५. मदिरा नियन्त्रण सम्बन्धमा।
६. बिपद जन्य लाभ ग्राहि कायम सम्बन्धमा।
७. बेरोजगार ब्यक्ती सुचिकरण सम्बन्धमा।
८. वडा नं ३को स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा।

निर्णयहरु:

निर्णय नं. १) मिति २०८१।०६।०६ गते गाउँ शिक्षा समितिको निर्णय अनुसार विद्यार्थी संख्या कम भएको श्री विद्याज्योति आधारभुत विद्यालय मालिका ३ बाट शिक्षक श्री रुम देवि घर्तिलाई विद्यार्थी संख्या बढि र शिक्षक संख्या कम भएको श्री सति आधारभुत विद्यालय, मालिका ६ मा काजमा शिक्षण गर्नको लागि पठाउने निर्णयको अनुमोदन गरियो ।

निर्णय नं. २) मिति २०८१।०६।०१ गतेको राजश्व परामर्श समितिको तपसिल निर्णयहरु अनुमोदन गरियो।

क) आ.व ०८१।०८२ देखि लागु हुने गरि यस मालिका गाउँपालिका क्षेत्र भित्र कवाडी संकलनलाई टेन्डर आवहान गर्ने ।

ख)आ.व ०८१।०८२ देखि लागु हुने गरि आन्तरिक कर संकलन अख्तियारी कार्यविधी २०८१ लाई मालिका गा.पा. ले मिति २०८१।०४।२६ गते स्विकृत गरेको हुदाँ उक्त कार्यविधिको परिच्छेद २ को दफा २ अनुसार उद्योग बाणिज्य संघ मालिका इकाईलाई अख्तियारी प्रदान गरे पछाडी परिच्छेद ६ को २ अनुसार उद्योग बाणिज्य सघंबाट खटाईएको कर्मचारीले मासिक त.भ. रु १८०००।- (अक्षेरुपी रु अठार हजार रुपैया मात्र) दिने र संकलित कर मालिका गाउँ पालिकामा जम्मा गर्नेनिर्णय गरियो।

वेग प्रसाद गर्वुजा
अध्यक्ष

ग)मालिका गाँउपालिका को आ.व.२०८१-०८२ मा डोजर स्काभेटर शुल्क बार्षिक रुपमा रु १०,०००।- (दश हजार) तोकिएकोमा उक्त कर संकलन गर्नको लागी निर्माण व्यवसायी संघ मालिका इकाई सँग बसेर एकिन गर्ने निर्णय गरियो।

घ) मालिका गाउँ पालिका मार्फत मिती २०८०-०६-१२ प्रमाणीकरण भएको गाउँ पालिका क्षेत्र भित्रका सडकहरुको मापडण्ड २०८० भन्दा अगाडी निर्माण भएको घर सम्पन्न गर्नको लागी अभिलेखिकरण गर्नको लागी सुचना प्रकाशन गर्ने।

निर्णय नं३)म्याग्दी जेसिसको रकम रू ३१७००( अक्षेरुपी एकतिस हजार सात सय रुपैया मात्र) भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं४) मालिका गाउँपालिकाको प्रशासकीय भवनको जग्गा खरिद, वडा नं १ निस्कोट र वडा नं ७ बिमको वडा कार्यलयको जग्गा खरिदको लागी प्रारम्भिक कारबाही चलाउने अधिकारी प्रमुख प्रशासकीय अधिकृत श्री हरिश चन्द्र ढकाललाई तोक्ने निर्णय गरियो।

निर्णय नं. ५) मालिका गाउँपालिका अन्तर्गतका टोल बस्तिमा मदिरा सेवनलाई नियन्त्रण गर्न साँझ ५ बजे भन्दा अगाडी सेवन गरेको पाईएमा कारबाहि गर्न क्लब र आमा समुह सँग समन्वय गर्ने निर्णय गरियो।

**निर्णय नं. ६)** मिति २०८१।०५।२० गते मनसुनजन्य विपद्‌बाट पूर्ण रुपले क्षति भएको तपसिल बमोजिमको व्यक्तिलाई लाभग्राही कायम गरी घर पुनर्निर्माणका लागि जिल्ला विपद् व्यवस्थापन समिति समक्ष पठाउने निर्णय गरियो ।

| सि.नं. | लाभग्राहीको नाम थर | ना.प्र.प.नं. | ठेगाना | क्षति विवरण |
|---|---|---|---|---|
| १ | सुरेश दर्जी | ४९-०१-७६-००१६५ | मालिका गापा २, खवाङ | पहिरोको कारण घर पूर्ण क्षति |

वेग प्रसाद गर्वुजा
अध्यक्ष

निर्णय नं. ७) मालिका गाउँपालिकामा आ.व. २०८१/०८२ का लागि बेरोजगार व्यक्तिको सूचीमा आवद्ध हुनका लागि निवेदन पेश भएबमोजिम बेरोजगार नेपाल सरकार रोजगार व्यवस्थापन सूचना प्राणालीमा १०१५ जना बेरोजगार सूचीकृत भएको व्यहोरा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८) वडा नं ३ डाँडा गाउँ स्वास्थ्य चौकी भवन निर्माणका लागी आ.ब. २०८१-२०८२मा प्रास संघीय सरकार बिषेश अनुदान रकम रू १४५०००००।-(अक्षेरुपी र एक करोड पैचसलिस लाख रुपैया मात्र)बाट स्वस्थ्य चौकी भवन निर्माण गर्नु पर्ने भएको हुदा सो कार्य गर्नको लागी DPR(Detail Project Report) गर्न आबश्यक देखिएकोले DPR कार्यको लागि नियमानुसार प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

वेग प्रसाद गर्वुजा
अध्यक्ष